# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड

# Nerude Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Biratnagar-3, Morang

Phone No.: 021-462101, 462321

Email: info@nerude.org.np, Website: www.nerude.org.np

## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

### As at 3rd. Quarter (30/12/2078) of the Fiscal Year 2078/79

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **10906057.95** | **10334636.98** | **8544944.18** |
| 1.1 | Paid-up Capital | 600000.00 | 600000.00 | 493877.57 |
| 1.2 | Reserves and Surplus | 715903.09 | 633390.89 | 590892.90 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 5254999.20 | 4921696.73 | 3842679.37 |
| 1.5 | Deposits (a+b) | 3105495.01 | 2968665.51 | 2582178.35 |
| | a. Domestic Currency | 3105495.01 | 2968665.51 | 2582178.35 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 4436.34 | 5861.08 | 704.64 |
| 1.7 | Other Liabilities | 1225224.32 | 1205022.77 | 1034611.34 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **10906057.95** | **10334636.98** | **8544944.18** |
| 2.1 | Cash & Bank Balance | 251415.97 | 310625.21 | 180985.62 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 192010.00 | 92010.00 | 162010.00 |
| 2.4 | Loans & Advances | 9964613.67 | 9468512.15 | 7806878.69 |
| 2.5 | Fixed Assets | 81625.39 | 78421.10 | 84075.71 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 416392.92 | 385068.51 | 310994.16 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 992513.56 | 641340.80 | 693228.59 |
| 3.2 | Interest Expenses | 513801.43 | 304798.57 | 287603.02 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **478712.13** | **336542.22** | **405625.57** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 170973.72 | 117352.68 | 272355.32 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **649685.85** | **453894.90** | **677980.89** |
| 3.6 | Staff Expenses | 274049.01 | 194665.46 | 235231.02 |
| 3.7 | Other Operating Expenses | 77131.66 | 53244.88 | 59188.09 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **298505.18** | **205984.55** | **383561.78** |
| 3.8 | Provision for Possible Loss | 127029.75 | 101456.00 | 140165.56 |
| **D** | **Operating profit (C-3.8)** | **171475.43** | **104528.55** | **243396.22** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 121878.53 | 104390.06 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **293353.97** | **208918.61** | **243396.22** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **293353.97** | **208918.61** | **243396.22** |
| 3.12 | Provision For Staff Bonus | 29335.40 | 20891.86 | 24339.62 |
| 3.13 | Provision For Tax | 79205.57 | 56408.02 | 65716.98 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **184813.00** | **131618.72** | **153339.62** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 9.24% | 9.41% | 9.72% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.89% | 4.68% | 3.21% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 36.75% | 42.26% | 44.31% |
| 4.4 | Cost of Funds | 9.70% | 8.12% | 5.95% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 320.87% | 318.95% | 302.34% |

Note : If the statutory and supervisory authority notify any remarks to change, the unaudited Financial Statements could change accordingly.

### Interest Rate

| Deposits : 2% to 10.50% | Loan & Advance : 15% |
|---|---|

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यस वित्तीय संस्थाको तेस्रो त्रैमासिक अवधिसम्मको अपरिष्कृत (Unaudited) वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु** :

| प्रति शेयर आम्दानी (बार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४१.०७ | २३.८६ | २१५.३२ | १८१७.६८ | ३.०१ |

**२. व्यवस्थापकीय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :
कोरोनाको दोस्रोलहर पश्चात् केन्द्र बैठक संचालन, किस्ता असुली, कर्जा लगानी, कार्यक्रम विस्तार लगायत सम्पूर्ण कारोवारहरु नियमित रुपमा संचालन भई कारोवारको बृद्धिसँगै समिक्षा अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहेको छ। अझैपनि कोरोना प्रभावले कर्जा अशूलीमा देखिएको समस्याका कारण कर्जा जोखिम बढ्दै गएकोमा सोलाई व्यवस्थापन गर्न कर्जा असुली इकाइ गठन गरी कर्जाको गुणस्तर सुधारमा केन्द्रीत भई प्रभावकारी ढंगले कार्य गर्दै जान व्यवस्थापनवाट आवश्यक प्रयासहरु भइरहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :
यस वित्तीय संस्थाले हाल देशका विभिन्न स्थानहरुमा १०९ वटा शाखा तथा उपशाखा कार्यालयहरु मार्फत १,५८,९०७ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्था नविनतम् प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। Tablet Banking र SMS Alert एवम् अनलाईन पेमेण्टको लागि e-Sewa सँग सहकार्य गरी सदस्यहरुलाई आधुनिक बैंकिङ्गको लागि अभ्यस्थ बनाउँदै लगिएको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय, लघुउद्यम आदि परियोजनाहरु संचालनको लागि विशेष गरी विपन्न वर्गका महिलामा केन्द्रित भई उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। यस वित्तीय संस्थाले लक्षित सदस्यहरुलाई आय आर्जनका लागि छिटो छरितो र सुलभ दरमा नियमित तथा आपतकालिन कर्जाहरु उपलब्ध गराउने, वित्तीय साक्षरता प्रदान गर्ने, ऋण असूलीलाई प्रभावकारी बनाउने र संचालन खर्च कम गर्दै जाने योजना तथा रणनीति बनाएको छ। वित्तीय स्रोत अभिवृद्धीको लागि सदस्यबाट बढि भन्दा बढि बचत परिचालन गर्ने नीतिलाई थप प्रभावकारी वनाइने छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :
कोरोनाका कारण उत्पन्न परिस्थितीले पारेको प्रतिकुल असरसँगै चुलिएको तरलता संकट, लगानी योग्य रकमको अभाव, कर्जा सापटीको व्याजदरमा देखिएको उच्च बृद्धि, लघुवित्त क्षेत्रको लागि श्रोतको परनिर्भरता, लघुवित्त संचालनको बढ्दो लागत साथै लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, बहुबैंकिङ्ग र कर्जाको दोहोरोपना आदि कारणले संस्थाको कारोबारलाई असर पर्न सक्छ, तथापी संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण हालसम्म गम्भीर समस्या ब्यहोर्नु परेको छैन।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) यस त्रैमासिक अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

(क) धितोपत्र बजारमा हुने शेयर कारोबार सम्वन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचीकृत भई सन्तोषजनक कारोबार भईरहेको छ।

(ख) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १२८३ | ९७५ | ९८०.१० | ५८ | ३,८४,४६४ |

**५. समस्या तथा चुनौती** :

- तरलता संकटको कारण लगानीयोग्य रकमको अभाव
- बढ्दो कोषको लागत
- बैंक तथा वित्तीय संस्थाहरुवाट लिइने कर्जा सापटीको ब्याजदरमा हुने उतार चढाव
- कोरोना भाइरसले पारेको दिर्घकालिन प्रभाव
- एउटै कार्यक्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरुको बाक्लो उपस्थिति तथा अस्वस्थ प्रतिस्पर्धाले कर्जा दोहोरोपनाको समस्या
- दक्ष जनशक्तिको अभाव
- नियमनकारी निकायबाट हुनसक्ने नीतिगत परिवर्तनले उत्पन्न गर्नसक्ने समस्या तथा चुनौति
- भौगोलिक विकटताको कारण कर्मचारीको उत्पादकत्वमा कमी

**६. संस्थागत सुशासन** :

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, सूचना प्रविधी निर्देशिका, जोखिम व्यवस्थापन निर्देशिका, लगानी नीति, समूह व्यवस्थापन कर्जा बचत तथा कोष नीति, धितो कर्जा नीति र कर्जा असुली नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण रुपमा पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति र जोखिम व्यवस्थापन समिति सक्रिय रहेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।